Samaj Anweshan. voi. 4. No.Special Issue (Nari Bisheshank). May 2026
DOI : https://doi.org/10.3126/anweshan.v7i01.95059
Research Article
ISSN: 3021-9035 Print

# समाज, साहित्य र लैङ्गिकताको अन्तर्सम्बन्ध

✍डा. शोभाकुमारी ढुङ्गाना
dhungana.shova052@gmail.com

## लेखसार

प्रस्तुत अध्ययन समाज, साहित्य र लैङ्गिकताको अन्तर्सम्बन्ध शीर्षकमा केन्द्रित रहेर अध्ययन गरिएको छ। गुणात्मक प्रकृतिको यस अनुसन्धानात्मक लेखमा वर्णनात्मक, विश्लेषणत्मक विधिको प्रयोग गरिएको छ। सामान्यतः लिङ्ग र लैङ्गिकता शब्दको अर्थ समान जस्तो देखिन्छ। तर लिङ्गले पुरुष र महिलाको जैविक भिन्नतालाई छुट्याउँछ भने लैङ्गिकताले समाजले निर्धारण गरेका भूमिकालाई जनाउँदछ। नारीवादी आन्दोलनबाट प्रारम्भ भएको लैङ्गिकता सुरुमा महिलाका समस्यासँग मात्र सम्बन्धित भए पनि लैङ्गिक पहिचान तथा शरीर राजनीतिको अवधारणाको प्रारम्भ भएपछि यो महिला, पुरुष र तेस्रो लिङ्गीको समेत समस्याको विषय बनेको पाइन्छ। लैङ्गिकता जैविक नभएर समाजमा स्थापित भूमिकामा आधारित हुने हुँदा यसको समाज र साहित्यसँग गहिरो अन्तर्सम्बन्ध रहेको हुन्छ। प्रस्तुत अध्ययनमा नेपाली साहित्यमा पितृसत्ताद्वारा नारीमाथि गरिने लैङ्गिक विभेद र उत्पीडनको चित्रण र प्रतिरोधी चेतना कसरी प्रकट भएको छ ? र महिला, पुरुष र तेस्रो लिङ्गी शरीरको निर्मिति, पहिचान र प्रतिरोधको अवस्था समाज र नेपाली साहित्यसँग कसरी अन्तर्सम्बन्धित भएर आएको छ ? जस्ता प्राज्ञिक समस्यामा केन्द्रित भएर समस्याको समाधान खोजिएको छ। छोरी मात्र पाई भनेर पत्नीमाथि सौता हाली कुटपिट गरेर घरबाट निकालिदिनु, नारीलाई भोग्या ठानेर बलात्कार गर्नु, दुर्घटनामा परेर छोराको मृत्यु हुँदा बुहारीलाई छोरा टोकुवी, अपशकुनी भनेर अत्याचार गर्नु, नारीलाई अबला बेसहरा , कठपुतली, भोग्या र सजाउने वस्तु ठानेर महिला शरीरको शोषण र नियन्त्रण गर्नु जस्ता काम पितृसत्ताद्वारा निर्मित समाजबाटै भएको र यसका विरुद्ध लड्नुपर्छ भन्ने प्रतिरोधी चेतना साहियकारहरूले नेपाली साहित्यमा प्रस्तुत गरेर समाज रूपान्तरणमा सहयोग पुऱ्याएको हुनाले समाज, साहित्य र लैङ्गिकताबिच गहिरो अन्तर्सम्बन्ध रहेको निष्कर्ष रहेको छ। पहिचान र शरीर राजनीतिको अवधारणा सांस्कृतिक अध्ययनसँग सम्बन्धित रहेको छ। महिला समलिङ्गी पुरुष समलिङ्गी, तथा परालिङ्गी तेस्रोलिङ्गीका पहिचानका सूचक हुन्। नेपाली साहित्यमा नारीपुरुष र तेस्रोलिङ्गी शरीरमाथि परिवार र समाजले गरेको असहज व्यवहार, उपेक्षा, सामाजिक विभेद र दमनको विरोध गर्दै प्रतिरोधी चेतना प्रकट गरेर लैङ्गिक समविकासमा योगदान पुऱ्याएको पाइन्छ। यसअर्थमा समाज, साहित्य लैङ्गिकताको अभिन्न अन्तर्सम्बन्ध रहेको छ भन्ने कुरा पुष्टि भएको निक्यौंल प्रस्तुत अध्ययनले गरेको छ।

## शब्दकुञ्जी

पितृसत्ता, पहिचान, यौनिकता, समलिङ्गी, संस्कृति

## विषय प्रवेश

प्रस्तुत अध्ययनको विषय समाज, साहित्य तथा लैङ्गिकताको अन्तर्सम्बन्ध शीर्षकको विश्लेषणमा केन्द्रित रहेको छ। नेपाली समाज मात्र नभएर विश्व नै पितृसत्तात्मक

✍ लेखक पाटन संयुक्त क्याम्पसमा प्राध्यापनरत हुनुहुन्छ।

सामाजिक कार्यपीठिकामा संरचित रहेको छ। लैङ्गिकता आधुनिक युगबाट विकसित भएको नवीन समालोचना पद्धति हो । लैङ्गिकता जैविक नभएर समाजमा स्थापित भूमिकामा आधारित हुने भएकोले यसको समाजसँग गहिरो अन्तर्सम्बन्ध रहेको हुन्छ। नारीवादबाट सुरु भएको लैङ्गिक अध्ययन लैङ्गिक पहिचान र शरीर राजनीतिको अवधारणाको प्रारम्भ भएपछि यो महिलाको समस्यासँग मात्र सम्बन्धित नभएर महिला, पुरुष र तेस्रो लिङ्गीको समेत समस्याको विषय बनेको पाइन्छ । लैङ्गिक समालोचनाले समाजमा दमित महिला, पुरुष तथा तेस्रो लिङ्गीका समस्याहरूको पहिचान गरी उनीहरूको सम विकासमा जोड दिन्छ। समाज र संस्कृतिले निर्धारण गरेको भूमिकाकै आधारमा महिलामाथि विविध शोषण र उत्पीडनको जन्म भएको हो। निजी सम्पत्ति प्रणालीको सुरुवात र वर्ग विभाजन सगँसगैँ लैङ्गिक श्रमविभाजनको विस्तारले एकातिर वर्गीय सामन्ती समाजको निर्माण भयो भने अर्कोतिर पितृसत्ताको उदाय भयो । यसरी वर्गीय र पितृसत्तात्मक सामाजिक संरचनाले गर्दा महिलाहरू दोहोरो शोषणमा परे । पुरुषले बाहिरको काम गरेर कमाएर ल्याउने, महिलाले घरको काम गर्ने र बच्चाको रेखदेख गर्ने जिम्मा दिइयो । कमाएर ल्याउने पुरुष भएपछि निर्णय गर्ने अधिकार पनि पुरुषकै हुन थाल्यो। समाजमा दमित र पहिचान विहीन अवस्थामा रहेका महिला, पुरुष र तेस्रो लिङ्गी शरीरको पीडा र सामाजिक विभेदलाई नेपाली साहित्यकारहरूले आफ्ना साहित्यिक कृतिमा उजागर गर्नुका साथै विमर्शको विषयसमेत बनाएका छन् ।

प्रस्तुत अध्ययन नेपाली साहित्यमा पितृसत्ताद्वारा निर्मित लैङ्गिक विभेद र उत्पीडन के कस्तो छ ? महिला, पुरुष र तेस्रोलिङ्गी शरीरको निर्मिति, पहिचान र प्रतिरोधको अवस्था समाज र नेपाली साहित्यसँग कसरी अन्तर्सम्बन्धित भएर आएको छ ? जस्ता प्राज्ञिक समस्यामा केन्द्रित भएर समस्याको समाधान खोजिएको छ। निश्चित उद्देश्य पूर्तिका लागि नाटककार रोशन सुवेदीको ‘लाशहरू उठेपछि’, लक्ष्मण कुँवरको ‘छाउपडी’ गरी दुई नाटक, ज्योति जङ्गलले आफ्नो बादशाहको शीर्षक र कुन्ता शर्माको ‘हामी सहँदै जाऊँला’ गरी दुई कविता, अर्चना थापाको ‘अग्निगर्भा’ र पद्मावती सिंहको ‘समानान्तर आकाश’ गरी दुई उपन्यास, प्रदीप ज्ञवालीको ‘स्वप्न भङ्ग’, अर्चना थापाको ‘कठपुतला’, पद्मावती सिंहको ‘त्रासदी’, भागिरथी श्रेष्ठको ‘खेल’ कथालाई प्रमुख आधार बनाएर अध्ययन गरिएको छ । साहित्यमा व्यक्त भएका लैङ्गिक अवधारणाले लैङ्गिक पहिचान, प्रतिनिधित्व , प्रतिरोध, सामाजिक भूमिकाको समेत खोजी गरी लैङ्गिक समविकासमा कसरी सहयोग पुऱ्याएको छ भन्ने कुराको उल्लेख गरिने हुँदा यसको औचित्य स्वतः पुष्टि हुन्छ।

## *अध्ययन विधि*

प्रस्तुत अध्ययनमा समाज, साहित्य र लैङ्गिकताको अन्तर्सम्बन्धको खोजी गर्ने क्रममा पुस्तकालयबाट सामग्री सङ्कलन गरिएको छ । यस अनुसन्धानको प्राथमिक सामग्रीको लागि ‘लाशहरू उठेपछि’, ‘छाउपडी‘ गरी दुई नाटक, बादशाहको शीर्षक र ‘हामी सहँदै जाऊँला’ गरी दुई कविता, ‘अग्निगर्भा’ र ‘समानान्तर आकाश’ गरी दुई उपन्यास, ‘स्वप्न भङ्ग’, ‘कठपुतली’, ‘त्रासदी’ र ’खेल’ कथा चयन गरिएको छ । द्वितीय सामग्रीको लागि समाज, साहित्य तथा लैङ्गिक अवधारणासँग सम्बन्धित समालोचनात्मक ग्रन्थ र अनुसन्धानमूलक पत्रिकाहरूको उपयोग गरिएको छ। यो अनुसन्धानमा वर्णनात्मक, विश्लेषणात्मक विधिको अवलम्बन गरिएको छ। यो गुणात्मक प्रकृतिको अनुसन्धान हो ।

## *सैद्धान्तिक आधार*

समाज भनेको मानिसहरूको समूह हो ।समाजमा विभिन्न वर्ग, जाति र सम्प्रदायका मानिस बसोबास गरेका हुन्छन् । मानिस बस्ने व्यवस्था, आचार, विचार, धर्म, संस्कृति, नीति, नियम, पहिचान, खानपान, उठबसदेखि लिएर मानिसका हरेक क्रियाकलाप तथा मानवीय व्यवहारको समुच्चय नै समाज हो । मानिस सामाजिक प्राणी भएकाले उसले

समाजका नीति, नियम र परम्परागत धर्म, संस्कृतिलाई नाघेर अगाडि बढ्न सक्दैन। सामान्यतः लिङ्ग र लैङ्गिकता शब्दको अर्थ समानजस्तो देखिन्छ। तर लिङ्गले पुरुष र महिलाको जैविक भिन्नतालाई छुट्याउँछ भने लैङ्गिकताले समाजले निर्धारण गरेका भूमिकालाई जनाउँदछ । 'प्राकृतिक भिन्न व्यवस्थाका आधारमा महिला र पुरुष भिन्न हुन्छन् भने सामाजिक सांस्कृतिक सम्बन्धका आधारमा परम्परागत लैङ्गिक सम्बन्धले पनि यिनको भूमिकालाई भिन्न बनाएको हुन्छ' (भट्टराई, २०७७, पृ.४)। समाज र संस्कृतिका आधारमा परम्परागत लैङ्गिक सम्बन्धले महिला र पुरुषका भूमिकालाई भिन्न बनाएको हुन्छ भन्ने भट्टराईको भनाइबाट लैङ्गिकता समाज निर्मित हुन्छ भन्ने कुरा बुझ्न सकिन्छ। अङ्ग्रेजीमा लिङ्गलाई 'सेक्स' र लैङ्गिकतालाई 'जेन्डर' भनिन्छ। लिङ्ग भन्नाले जैविक रूपमा स्पष्ट चिनिने नारी र पुरुषका शारीरिक लक्षण तथा चिह्नहरू हुन्। जैविकरूपमा लिङ्गका आधारमा महिला, पुरुष रहेका छन्। 'सेक्स भनेको नारी र पुरुष छुट्याउने जैविक विभाजन हो। त्यसका विपरीत जेन्डर भनेको सामाजिक निर्माण हो र त्यसले प्रत्येक लिङ्गमा हुनुपर्ने विशेषता, व्यवहार मानकजस्ता समाजको अपेक्षा जनाउँछ' (घर्ती, २०८१,पृ.८१) घर्तीको यस भनाइबाट लैङ्गिकता सामाजिक भूमिकासँग सम्बन्धित हुन्छ भन्ने थप पुष्टि हुन्छ। त्यसैले लैङ्गिकता प्राकृतिक र जैविक नभएर सामाजिक हुन्छ। यसै आधारमा महिला र पुरुषलाई हेर्ने सामाजिक दृष्टिकोण, उनीहरूप्रति गरिने व्यवहार, क्रियाकलाप र भूमिका समेत भिन्न हुन्छ। समाजले महिलामाथि गर्ने व्यवहार विभेदपूर्ण र असहज रहेको छ।

समाज र संस्कृतिले निर्धारण गरेको भूमिकाकै आधारमा महिलामाथि विविध शोषण र उत्पीडनको जन्म भएको हो। समाज विकासको ऐतिहासिक विकासक्रमसँगै उत्पादनपद्धतिको सुरुवात भएपछि निजी सम्पत्ति प्रणाली र वर्ग विभाजन सगँसगैं लैङ्गिक श्रमविभाजनको विस्तारले महिलालाई घरभित्रै सीमित गर्यो। कृषि युगको प्रारम्भ भएपछि एकातिर वर्गीय सामन्ती समाजको निर्माण भयो भने सँगसँगै अर्कोतिर पितृसत्ताको उदय भयो। 'समाजमा पुरुष र महिलाका बिच भिन्नता ल्याउने प्रमुख तत्त्व पितृसत्ता हो। यसमा परिवारका सम्पूर्ण सदस्य पिताको अधीनमा रहछन्। यस्तो समाजमा महिलाको श्रमशक्ति, यौनिकता, प्रजनन शक्ति, सम्पत्ति तथा सम्पूर्ण साधन स्रोतमाथि पुरुषका् नियन्त्रण हुन्छ' (पाण्डे, २०६९ पृ. २२२) पितृसत्तात्मक सामाजिक संरचनाले गर्दा निम्न वर्गीय महिलाहरू मात्र नभएर घरानीया तथा उच्चवर्गीय महिलाहरू पनि पुरुषको नियन्त्रणमा बस्न बाध्य भए । उनीहरूले घरभित्र गरेको श्रमको कुनै मूल्य भएन र दिनदिनै परनिर्भर बन्दै जानुपर्यो। पुरुषलाई घरको प्रमुख बनाइयो। परिवार र वंश महत्त्वपूर्ण हुन थाल्यो। पुरुषले बाहिरको काम गरेर कमाएर ल्याउने, महिलाले घरको काम गर्ने र बच्चाको रेखदेख गर्ने जिम्मा दिइयो। कमाएर ल्याउने पुरुष भएपछि निर्णय गर्ने अधिकार पनि पुरुषकै हुन थाल्यो। मातृसत्तात्मक युगमा महिलाहरूको जुन प्रकारको उच्च हैसियत थियो, त्यो सबै खोसियो। महिलाहरू पराधीन बन्दै गए। कमाएर ल्याउने पुरुष भएका कारण सम्पत्तिको मालिक पनि पुरुष नै भयो। महिलाहरू कमाउने नभएपछि उनीहरूको कामको कुनै मान्यता नहुने जस्ता पितृसत्तात्मक सोचको जन्म भयो। पुरुषलाई उच्च तथा शक्ति सम्पन्न बनाइयो भने नारीलाई सबै अधिकारबाट वञ्चित गरियो। पुरुष प्रभुत्वशाली र महिला पुरुषको अधीनस्थ बनाइए। खुट्टा भए जुत्ता कति कति भन्दै नारीहरू दोस्रो दर्जाका रूपमा स्थापित भए। बालविबाह, बहुविबाह र अनमेल विवाहले प्रश्रय पायो। महिलाहरूलाई शिक्षाको अधिकारबाट पनि वञ्चित गरियो। धार्मिक नियम र संस्कार र संस्थागत रूपमा समेत महिलाहरू उत्पीडनमा परे।

सामन्ती समाजको विकास क्रमसँगै पुजिवादी व्यवस्था सुरु भयो। औद्योगिक विकास र सहरीकरणले गर्दा महिलाहरू पनि घरबाहिर निस्कन थाले। शिक्षा तथा जागिरका केही अवसर पनि पाउन थाले। बाहिर हेर्दा नारीहरू स्वतन्त्रता जस्तो देखिए पनि घरभित्र र बाहिरको दोहोरो भूमिका निर्वाह गर्नुपर्दा महिलाहरू झन दोहोरो शोषणमा परे।

पुजिवादसँगै उपभोक्तवादी संस्कृतिको विकासले गर्दा महिलालाई भोग्या र बच्चा जन्माउने साधन र बिकाउ वस्तुका रूपमा  हेरी विज्ञापनमा नारीको तस्बिर राख्न थालियो। वेश्यालय खोलेर नारीलाई मनोरञ्जनको साधन बनाइयो । उनीहरूमाथिको शोषणको रूप फेरियो। तर शोषण फेरिएन। पितृसत्तात्मक समाजका कारण जतातत्तै नारीमाथि पुरुषको प्रभुत्व कायम रहन पुग्यो । नारीहरू यौन हिंसा, बलात्कारको शिकार बन्नुका साथै प्रजनन् अधिकारसमेत  पुरुषको नियन्त्रणमा रहन पुग्यो।

इरिगेरीले पनि मातृत्वको मूल्य पितृसत्ताबाटै स्थापना गरिएको र महिलाले त्यसमा आफ्नो सत्त्व खोजिरहेका विचार व्यक्त गरेकी छन् । उनले महिला एक उत्पादित वस्तु हो, जसलाई वस्तुभैँ उपभोग गरिन्छ । महिलालाई सामाजिक, आर्थिक र राजनैतिक तथा यौनका  विषयमा समेत विचार राख्न बन्देज लगाइन्छ (सन्१९७७ पृ.८४)।

यसरी महिलाहरू पितृसत्ताको दमनबाट आफ्नो विचारको सम्प्रेषण गर्नबाट समेत वञ्चित भएर शोषित बनेका छन्।  हाम्रो देश अर्ध सामन्ती र दलाल पुँजिवादी पितृसत्तात्मक सामाजिक कार्यपीठिकामा संरचित छ । त्यसैले यहाँ सामन्ती र पुजिवादी दुवै संस्कृतिबाट महिलाहरू दमित हुनुपरेको अवस्था छ। नेपाली समाजले महिलाहरू सहनशील, मर्यादित, कोमल, लज्जालु र कम बोल्ने, मुसुक्क हाँस्ने, हँसिली, रसिली, घरभित्रको काममा निपूर्ण, बालबच्चा र बुढाबुढीको राम्ररी स्याहार गर्न सक्ने हुनुपर्ने अपेक्षा गर्छ। असल पुरुष  हुनका लागि धेरै पढेर पैसा कमाउन सक्ने, परिवारलाई पाल्न सक्ने, घर परिवारका बारेमा निर्णय गर्न सक्ने, परेका बेलामा देशभित्र, बाहिर जहाँ पनि जान सक्ने, नआत्तिने, जस्तोसुकै दुःख परे पनि नरुने धैर्य, साहसी र आँटिलो हुनुपर्ने अपेक्षा राखेको हुन्छ। लैङ्गिक अध्ययनले समाजमा भएका सबै प्रकारका विभेदको अन्त्य गरी समतामूलक लैङ्गिक समाज स्थापनाको माग गर्दछ । लैङ्गिकता महिला र पुरुषलाई समाजले निर्धारण गरेका भूमिका तथा अपेक्षासँग सम्बन्धित अवधारणा भएकाले लैङ्गिकता र समाजबिच अभिन्न अन्तर्सम्बन्ध रहेको छ। समाजले लैङ्गिक भूमिकाको निर्धारण गर्छ भने लैङ्गिकताले समाजले निर्धारण गरेको भूमिकाअनुसार सामाजिक स्वरूपको निर्माण गर्छ लैङ्गिक अवधारणले सबै प्रकारका लैङ्गिक विभेदको अन्त्य गरी लैङ्गिक समविकासको अपेक्षा गर्दछ।

लैङ्गिक सिद्धान्तको अवधारणा सर्वप्रथम पश्चिमा नारीवादीहरूले अघि सारेका हुन् । सर्वप्रथम लैङ्गिक असमानतासम्बन्धी अवधारणको खोजी मेरी उल्सन क्राफ्टले गरेकी हुन्। क्राफ्टका विचारमा लैङ्गिकता प्राकृतिक नभएर सामाजिक हो उनले नारी पुरुषभन्दा कमजोर वा हीन हो भन्ने कुरा अस्वीकार गरेकी छन् (घर्ती, २०८१, पृ. ८४) । अर्की फ्रान्सेली नारीवादी सिमोन द बुभाको 'सेकेन्ड सेक्स' (सन् १९४९) कृतिमा उनले नारीलाई निम्न, अधीनस्थ र दोस्रो दर्जाको रूपमा उभ्याइनुको प्रमुख कारण पितृसत्तात्मक समाज भएको बताएकी छन् (हविब, सन् २००५, पृ. ६९१–६९२) । लैङ्गिक विभेद हुनुको प्रमुख कारण पितृसत्तात्मक समाज भएको बुभाको भनाइबाट पनि लैङ्गिकता र समाजबिच अन्तर्सम्बन्ध रहेको छ भन्न सकिन्छ।

क्याटरिन म्याकिननका विचारमा समाजमा पुरुषको महिलामाथिको शक्ति उसका महिला विरोधी पौरुष यौनिक अपराधबाट बढेको हो। उनका अनुसार यौनिकताका अन्य पुरुषको हेपाइ महिलाको अधीनतालाई पक्कापक्की गर्नु मात्र नभएर कामुकतासम्म पनि पुगेको हुन्छ। यौनिकता त्यस्तो शक्तिशाली कुरा हो, जसको माध्यमले पौरुष हेपाइलाई विभिन्न स्वरूपमा संस्थागत गरिएको हुन्छ । बलात्कार यसको एउटा उदाहरण हो भन्ने कुरा टुना नेन्सी र टङरोज मेरीका फेमिनिज्म एण्ड फिलोसफी पुस्तकमा व्यक्त गरिएको छ (त्रिपाठी, २०७१, पृ. २७७)।

वास्तवमा बलात्कार, प्रजनन अधिकारमा बन्देज, भ्रूणहत्या, यौनहिंशा, यौनच्छेदन, मानसिक तथा शारीरिक हिंसा, नारी शरीरको किनबेच आदि विश्वव्यापी सामाजिक समस्या बनेको  छ। लैङ्गिक अध्ययनको विभिन्न विषयमध्ये पहिचान, प्रतिनिधित्व र शरीर राजनीतिको अध्ययन पनि

महत्त्वपूर्ण विषय हो । पहिचान र शरीर राजनीतिको अध्ययनले नारीका पहिचान र नारी विभेदका सन्दर्भ मात्र नभएर पुरुष र तेस्रो लिङ्गीका यौनिक अवस्थाको पनि अध्ययन गर्नुपर्ने तर्क अघि सारेपछि लैङ्गिक अध्ययन नारीवादभन्दा भिन्न सद्धान्तिक मान्यता बोकेर अघि बढेको देखिन्छ । मिसेल फुकोले शरीरलाई शक्ति र राजनीतिसँग सम्बन्धित रहेको बताएका छन् । उनले शरीर राजनीतिक क्षेत्र हो र यो शक्तिका अधीनमा हुन्छ भनेका छन् । यतिमात्र नभएर उनले शरीर शक्ति र शोषणसँग पनि सम्बन्धित रहेको बताएका छन् (सन् १९८९, पृ. ३०) । फुकोले भनेजस्तै शक्तिशालीहरूले अधीनस्थ शरीरमाथि गरिने राजनीति नै शरीर राजनीति हो । पहिचानको अवधारणा सांस्कृतिक अध्ययनसँग सम्बन्धित रहेको छ। हलका विचारमा कुनै पनि व्यक्ति वा वस्तु विशेषलाई सामाजिक परम्परा वा विमर्शले निर्धारण गरिदिएको स्थान नै पहिचान हो (हल, सन् १९९६ पृ. ६) । यसर्थ लैङ्गिक पहिचान निर्माण गर्ने आधार समाज हो । पितृसत्तात्मक संस्कृतिले एकातिर महिलालाई लक्ष्मी, सरस्वती र दुर्गामाताको पहिचान दिएको छ भने अर्कोतिर अबला, बेसहारा, कमजोर, पराश्रित, पतिको दासी, भोग्या, पातर, वेश्या, बच्चा जन्माउने मेसिन, कुमारी, अपशकुनी, बोक्सीको समेतको पहिचान दिएको छ। छोरालाई वंश चलाउने, संरक्षक, पितृ तार्ने कुलदीपक, बलवान् आत्मनिर्भर, रक्षक र तेस्रो लिङ्गीलाई हिजडा, छक्का, नपुङ्सक भनेर पहिचान दिएको पाइन्छ। महिला र पुरुषलाई समाजले जुन पहिचान र भूमिका दिएको छ यो प्राकृतिक तथा जैविक नभएर पितृसत्तात्मक समाजले निर्धारण गरेको हुनाले पितृसत्तात्मक समाज र लैङ्गिकताबिच गहिरो अन्तर्सम्बन्ध रहेको छ।

समाजमा महिलामात्र नभएर पुरुष र तेस्रो लिङ्गी शरीर पनि समाजबाट उपेक्षित र दमित छन्। पुरुष पनि अनेक बाध्यता र विवशतामा परेर प्रयोग भएका हुन्छन्। पुरुषले घरमूली भएर सबै व्यवहार थाम्नुपर्ने, जसरी पनि कमाएर ल्याउनुपर्ने, कमाउन नसके लाछी, हुतिहारा तथा नामर्द कहलिने र पिर पर्दासमेत रुन पनि नसक्ने सामाजिक मान्यता रहेको पाइन्छ। केही महिलाको र केही पुरुषको जस्तो गुण देखिने र लाग्ने, विपरीत लिङ्गप्रति आकर्षित नभई समलिङ्गीप्रति आकर्षित हुने आदि तेस्रो लिङ्गीका सूचक हून् । महिला महिलाप्रति आकर्षित हुनु महिला समलिङ्गी, पुरुष पुरुषप्रति आकर्षित हुनु पुरुष समलिङ्गी तथा पुरुषजस्तो देखिने, तर महिला हुन मन लाग्ने वा हुने, महिला भए पुरुष भएर चिनाउन खोज्ने वा सर्जरीका माध्यमबाट लिङ्ग परिवर्तन गरी महिला वा पुरुष भएर पहिचान बनाउँने ट्रान्सजेन्डर हो। पश्चिमी राष्ट्रहरूमा निकै अगाडिदेखि तेस्रो लिङ्गीको अवस्थाको अध्ययन गर्न थालिएको भए पनि नेपालमा भने एक दशक अगाडिबाट मात्रै यसबारे विमर्श गर्न थालिएको हो । नेपालको संविंधान २०७२ मा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकले पहिचानसहितको नागरिकता पाउने प्रावधान रहेको छ। कानुनले मान्यता दिए पनि पारिवारिक, सामाजिक व्यवधानका कारण उनीहरू यौनिक पहिचानसतिको नागरिकता लिन सकिरहेका छैनन् । समाजले महिला, पुरुष भनेजस्तै समलिङ्गीहरूको पनि छुट्टै यौनिक अनुभूति तथा चाहना हुन्छन् भन्ने कुरालाई समाजले बुझ्ेर उनीहरूका भावना र जैविक आवश्यकताप्रति ध्यान दिनुको साटो अपहेलना गर्ने र उनीहरूको शरीरमाथि नियन्त्रण गर्ने परिपाटी रहेको पाइन्छ। चेतनाको अभावले कतिपय परिवारले त आफ्नो सन्तान तेस्रो लिङ्गी हो भनेर चिनाउन पनि चाहदैनन् । जैविक रूपमा महिलाजस्तो देखिए पनि महिला समलिङ्गीहरू विपरीत लिङ्गी पुरुषप्रति यौनिक रूपमा आकर्षित नभएर महिलाप्रति नै आकर्षित हुने हुँदा उनीहरू त्यस्तै प्रकारका जीवनसाथी रोज्न चाहन्छन् भने पुरुष समलिङ्गीहरूको पनि त्यही अवस्था हो। तर परिवार र समाजले उनीहरूको भावना नबुझिदिँदा समस्यामा परेका छन् । सामाजिक व्यवधानका कारणले कतिपय अवस्थामा स्वयम् पनि पहिचानसहित खुल्न चाहँदैनन् । सामाजिक भूमिका, व्यवहार र अपेक्षाले तस्रो लिङ्गीको पहिचानको अवस्था निर्धारित हुने हुनाले समाज तथा लैङ्गिकबिच गहिरो अन्तर्सम्बन्ध रहेको पुष्टि हुन्छ।

साहित्य त्यस्तो लेखन हो, जुन साहित्यकारले समाजमा घटेका, देखेका, सुनेका र आफूले प्रत्यक्ष रूपमा भोगेका वा अनुभव गरेका घटनाहरूलाई मानसपटलमा बिम्बका रूपमा ग्रहण गर्दछ तथा त्यसलाई कल्पनाद्वारा कलात्मक बनाई सृजनात्मक रूपमा उदेश्यमूलक साहित्य निर्माण गर्दछ। साहित्यअन्तर्गत कथा, कविता, उपन्यास, निबन्ध तथा नाटक विधा पर्छ। साहित्यकार पनि समाजको उपज हो । ऊ जुन समाजमा बसेको वा बढी घुलमिल भएको हुन्छ, उसमा त्यसको प्रत्यक्ष प्रभाव परेको हुन्छ। साहित्यिक कृतिमा कुनै न कुनै रूपमा त्यस समाजको धर्म, संस्कृति र लैङ्गिक परम्परा तथा भूमिकाको समेत प्रभाव परेको हुन्छ । यस सम्बन्धमा बेलायती चिन्तक रेमन्ड विलियम्स भन्दछन्– म कोठामा बसेर लेख्दा एक्लै हुन्छु। तर मेरा (मानस तहमा) वरिपरि सिङ्गै समुदाय हुन्छ। तिनका कुराकानी, भाषा र व्यवहारबाट अलग भएर म लेख्न सक्दिन (पाण्डेय, २०७८, पृ. ७)। विलियम्सको यो भनाइबाट पनि साहित्य जहिले पनि समाजसापेक्ष हुन्छ भन्ने स्पष्ट हुन्छ। विलियम्सले विचार पक्षलाई साहित्यको मूल तत्त्व मानेका छन् । उनले साहित्यमा विचारपक्षको महत्त्वपूर्ण भूमिका रहेको बताएका छन् (सन् २००८, पृ. २३५ )। यसको मतलब साहित्य कलात्मक हुनुका साथै विचारले समाजलाई सही मार्गनिर्देश गर्न सक्ने अर्थात् उदेश्यमूलक हुनुपर्दछ।

लैङ्गिकता र साहित्यको समालोचना अर्न्तविषयक समालोचना हो। यसले साहित्यिक कृतिमा समाज तथा संस्कृतिका आधारमा लैङ्गिक र यौनिक अवस्थाको चित्रण कसरी गरिएको छ भन्ने कुराको अध्ययन गर्दछ । 'लैङ्गिक अध्ययनले परम्परागत यौनिक अभ्यासको आलोचना गर्दै मानिसका इच्छा साहित्यिक कृतिमा कसरी व्यक्त भएका छन् भन्ने कुराको खोजी गर्छ भने यसले पुरुषपन र महिलापन पुरुष र महिलामा मात्र नभएर दुवैमा हुन सक्ने कुराको खोजी गर्दै जीवविज्ञान र मनोविज्ञानलाई जोड्ने काम काम पनि गर्छ' (ढकाल, २०८१, पृ. २४/२५)। लैङ्गिक समालोचनाले परम्परागत रूपमा लिङ्ग र यौनिक भिन्नताकै कारण विभेद गरिने परिपाटीको विरोध गर्दै विभेदमा परेका नारी र तेस्रो लिङ्गीका पक्षमा संवेदनशील भएर आवाज उठाउँछ । यसले ढकालले भनेजस्तै साहित्यक कृतिमा समाज र संस्कृतिका आधारमा लैङ्गिक र यौनिक अवस्थाको कसरी चित्रण गरिएको छ भन्ने कुराको खोजी गरी जीवविज्ञान र मनोज्ञिानलाई समेत जोड्छ भन्ने मत उपयुक्त छ। समालोचक, लेखक तथा साहित्यकारहरूले साहित्यिक कृतिमा समकालीन समाजमा भएका लैङ्गिक हिंसा, यौन शोषण, बलात्कार, शरीरमाथिको किनबेच, प्रजनन् अधिकार, समाज र संस्कृतिले उत्पन्न गरेको लैङ्गिक विभेदका आधारमा उत्पन्न मानसिक, यौनिक र तेस्रो लिङ्गीका समस्याहरूलाई संवेदनात्मक रूपमा उठाउँदै प्रतिरोधी चेतना जगाउने काम गरेका छन् । लैङ्गिकता प्राकृतक नभएर सामाजिक र सांस्कृतिक निर्मिति हो र यसले साहित्यमा लैङ्गिक विषयलाई कसरी उठाइएको हुन्छ भन्ने कुरा यसरी व्यक्त गरिएको छ–

> *लैङ्गिकता सामाजिक सास्कृतिक निर्मिति भएको हुँदा यसले साहित्यमा पुरुष र महिलाको भूमिका कसरी प्रस्तुत गरिएको छ र उनीहरूको व्यवहार र अभिवृत्ति के कस्ता छन् भन्ने कुराको अध्ययन गर्दछ । यसरी साहित्यमा लैङ्गिकताको अध्ययन भनेको सामान्यतः नारीपुरुष अथवा लेखकको यौनिकताका विषय नभएर त्यो समाजको चित्रण र त्यसको सांस्कृतिक अध्ययनको विषय हो (ढकाल, २०८१, पृ.२४) ।*

लैङ्गिकता नारीपुरुषको यौनिकताको सवाल मत्रै नभएर सिङ्गो समाज र संस्कृतिको अध्ययन हो भन्ने ढकालको मतबाट पनि समाज, साहित्य र लैङ्गिकताको गहिरो अन्तर्सम्बन्ध रहेको बुझ्न सकिन्छ।

## *विमर्श र नतिजा*

समाज साहित्य र लैङ्गिकताको अन्तर्सम्बन्ध शीर्षकको प्रस्तुत अध्ययनमा नाटककार रोशन सुवेदीको 'लाशहरू उठेपछि', लक्ष्मण कुँवरको 'छाउपडी' गरेर दुई नाटक, ज्योति जङ्गलले आफ्नो बादशाहको शीर्षक र कुन्ता शर्माको 'हामी सहँदै जाऊँला' गरी दुई कविता, अर्चना थापाको

‘अग्निगर्भा’ र पद्मावती सिंहको ‘समानान्तर आकाश’ गरी दुई उपन्यास, प्रदीप ज्ञवालीको ‘स्वप्न भङ्ग’, अर्चना थापाको ‘कठपुतला’, पद्मावती सिंहको ‘त्रासदी’, भागिरथी श्रेष्ठको खेल कथाका सन्दर्भ तथा तथ्यगत प्रशङ्ग प्रस्तुत गरी निम्न उपशीर्षअन्तर्गत रहेर विमर्श र नतिजा प्रस्तुत गरिएको छ।

## *नेपाली साहित्यमा पितृसत्ताद्वारा निर्मित लैङ्गिक विभेद र उत्पीडन*

महिला र पुरुषबिच लैङ्गिक विभेद ल्याउने प्रमुख तत्त्व पितृसत्ता हो। ‘पितृसत्तात्मक समाजमा पुरुष शक्तिको केन्द्रमा रहेका हुन्छन् र लैङ्गिक हिसाबले महिलाहरू सीमान्तीकृत हुन्छन्। सामाजिक सांस्कृतिक संरचनामा पुरुषहरू शक्तिशाली हुँदा महिलाहरू हक अधिकारविहीन तथा दमित हुन्छन्’ (पौड्याल, २०७८, पृ.१९८)। नेपाली समाज अझै पनि पितृसत्तात्मक सामाजिक, राजनीतिक व्यवस्थाको कार्यपीठिकामा संरचित छ। देश र विदेशमा भएका लैङ्गिकतासम्बन्धी विचारविमर्श र लैङ्गिक आन्दोलनले पारेको प्रभावस्वरूप नेपालमा पनि समकालीन समाजमा भएका लैङ्गिक विभेद र उत्पीडनलाई महिला लेखक तथा साहित्यकारहरूले साहित्यिक रचनामा सशक्त रूपमा प्रस्तुत गरेका छन् भने कतिपय पुरुष लेखकहरूले पनि आफ्नो लेखनमा महिलाको पक्षमा केन्द्रित भएर लैङ्गिक विभेदको प्रतिरोध गरेको पाइन्छ।

नेपाली समाजमा अझै पनि नारीलाई विभेद गरिन्छ। छोरी मात्र पाई भनेर श्रीमान्ले सौता हाली कुटपिट गरेर घरबाट निकालेपछि लासमा परिणत भएकी धनमायाका पीडालाई रोशन सुवेदीको ‘लाशहरू उठेपछि’ नाटकमा यसरी व्यक्त गरिएको छ–

*यो लाश देखाएर यो पनि उस्तै लाश हो,*
*यो कतै कतै लावारिस भेटियो,*
*धनमायाको हो यो लाश,*
*छोरीमात्र पाई भनेर सौता हाले*
*अनि संयुक्त दल बनाएर कुटपिट गर्न थाले,*
*खान दिन छाडे अनि एक दिन सौता र लोग्ने*
*मिलेर घरबाट निकाला गरे*
*पुनः आएमा मारिदिने धम्की दिए*

*(पृ. ७०)।*

छोरीछोरी जन्माउनुमा नारी र पुरुष कसैको पनि दोष हुँदैन। पितृसत्तात्मक समाजमा छोरा र छोरीबिचको भेदभावको थालनी परिवार र जन्मसँगै हुन्छ। छोरालाई वंश परम्परा धान्ने तथा पितृ तार्ने कुलदीपकका रूपमा र छोरीलाई अर्काको घर जाने जात भनेर सन्तान नै नठान्ने परम्परागत पितृसतात्मक लैङ्गिक भूमिकाले गर्दा नारीहरू शोषणमा परेका छन्। नेपाली समाजमा नारीलाई अवला दासी ठानेर खुट्टा भए जुत्ता कति कति भन्ने सोचले गर्दा हरेक दुःख, सुखमा साथ दिने वाचा बन्धन गरेर विवाह गरेर ल्याएकी जीवन सङ्गिनीले छोरीछोरी पाई भनेर छोराको लागि दोस्रो विवाह गरी जेठीलाई हेला गर्ने परम्परा पितृसत्ताकै उपज हो। प्रस्तुत पङ्क्तिमा छोरीछोरी जन्माई भनेर धनमायाको लोग्नेले कान्छी ल्याई जेठीलाई घरबाटै निकालिदिएको छ। धनमायाले छोरीछोरी पाएकै कारण लोग्नेले सौता हाल्यो। एक नारीले अर्की नारीको दुःख तथा पीडा बुझ्नुको साटो सौताले पनि लोग्नेसँग मिलेर धनमायालाई कुटपिट गरी। उनीहरूले खानसमेत नदिएर भोकभोकै तड्पाउन थाले र एकदिन घरबाटै निकालिदिए। नाटककारले परम्परागत रूपमा नेपाली समाजमा घटिरहने यसप्रकारका घटनालाई टपक्क टिपेर संवेदनात्मक रूपमा नाटकमा प्रस्तुत गरेका छन्।

पितृसत्तात्मक समाजका पुरुषहरूले नारीलाई भोग्या र मनोरन्जनको साधन ठानेर कैयौँ युवतीहरू बलात्कृत भएका छन् भने कैयौँ नारीहरू दलालहरूबाट विदेशी कोठीमा बेचिएर नारकीय जीवन बिताउन बाध्य छन्। कवि ज्योति जङ्गलले आफ्नो ‘बादशाह’ शीर्षक कवितामार्फत् पितृसत्ताले नारी शरीरमाथि गरेको बलात्कारको पीडा संवेदनात्मक रूपमा यसरी प्रस्तुत गरेकी छन्–

*खस्छ बेसर्म*
*जहाँ खस्नै मिल्दैन,*
*कहिले सत्तरी वर्षको एकल बाबुको ओठबाट*
*कुमारी छोरीको अस्मिता खस्छ*

*अनि छोरी कोठामा आगो सल्काएर*
*आत्मदाह गरिदिन्छे,*
*कहिले सठिया प्राध्यापकको र्‍याल खस्छ*
*ग्रामीण शिष्याको ओठमा*
*र ऊ पढ्नै छोडेर*
*झुन्डी मर्छे गाउँकै*
*निरक्षर पिपलको बोटमा*

(जङ्गल, २०७४ पृ. ८५)।

साहित्य समाज सापेक्ष हुन्छ। आफ्नै छोरीलाई बाबुले बलात्कार गरेका घटनाहरू हाम्रै समाजका यथार्थ हुन्। प्रस्तुत कवितामा कवि जङ्गलले आफ्नै बाबुबाट बलात्कृत भएपछि पीडा सहन नसकेर आगो सल्काएर आत्मदाह गरेकी किशोरी र प्राध्यापकजस्तो एक बौद्धिक व्यक्तित्वले गुरु शिष्यको मर्यादा तोडेर अस्मिता लुटेपछि रुखमा झुन्डिएर मर्न बाध्य भएकी युवतीमाथि भएको यौन हिंसा प्रस्तुत गरेकी छन्। महिलामाथि भएको दमन अरू कसैबाट नभएर फुकोले भनेजस्तै सत्तामा प्रभुत्व जमाएर बसेका देखावटी रूपमा देशभक्तिको राप अलाप्ने शक्तिशाली पुरुषहरूबाट भएको कुरा कविले यसरी व्यक्त गरेकी छन्–

*तिनीहरू सधैँ*
*देशको माया गर्छु भन्छन्।*
*जनताको माया गर्छु भन्छन्*
*उफ ! ती कति झुट बोल्छन्*
*मैले भर्खर एउटा बादशाहको*
*ओठ सिलाइदिएको छु*

(जङ्गल, २०७४ पृ.८६)।

यसरी नारीको अस्मिता लुटेर मर्न बाध्य बनाउदै हिड्ने ब्वाँसाहरूले देश र जनतालाई माया गर्छु भनी झुट बोलेपछि प्रतिरोध गर्दै कविले उनीहरूको मुख सिलाइदिएर लैङ्गिक चेतना प्रस्तुत गरेकी छन्।

पितृसत्तामक समाजमा महिलाहरू घरबाहिर मात्र नभएर घरभित्रै असुरक्षित छन् भन्ने कुरा आफ्नै विधवा बुहारीमाथि  आफ्नै ससुराले गरेको यौनिक अपराधलाई उपन्यासकार अर्चना थापाले 'अग्निगर्भा' उपन्यासमा यसरी प्रस्तुत गरेकी छन्–

हिरकको मृत्युपछि घरमा गौरीसित दुर्व्यवहार सुरु भयो। कमरेडका घरमा बुहारी 'अपशकुनी' र उनीहरूका छोरा टोकुवा भई। गौरीले सबै सहेकी थिई, तर एक दिन त अचाक्ली भयो। दिउँसोको बेला घरमा कोही नहुँदा चेतप्रकाश गौरीको कोठामा पसेर जबरजस्ती गर्न थाले। गौरीले ससुराको गालामा उनको कुकृत्य प्रयासको छाप छाडेर एकसरो लुगामा घर छाडी (थापा, २०८२, पृ. १६७)

बिहे गरेको वर्ष दिन नबित्दै ट्रकले हानेर छोराको मृत्यु भएपछि विधवा बुहारीलाई छोरी समान माया गरेर  उसको पीडा कम गनुपर्नेमा उल्टै 'अपशकुनी' र 'छोरा टोकुवा' को आरोप लगाएर दमन गर्नु त्यतिमात्र नभएर बलात्कार गर्ने दुस्प्रयास भएपछि  प्रतिकार गरी गालामा थप्पड हानेर एकसरो लुगामा घर छाडी हिडेको घटना प्रस्तुत गरेर पितृसत्ताद्वारा यौनिक रूपमा हुने दमन, उपीडन र हिंसाको समेत प्रतिरोध गरेकी छन्। पितृसत्तात्मक सामाजिक राजनीतिक व्यवस्थामा नीति, नियम, कानुन  सबै पुरुषकै पक्षमा रहेको  हुन्छ। 'गौरी न्याय खोज्दै अदालत पुगी। दुई वर्ष बित्दा पनि मुद्दा सकिने छाँटकाँट देखिएन। मुद्दा लड्ने पैसाको अभाव र चेतप्रकाश कमरेडका वकिलहरूले मुद्दा लम्ब्याउँदै गएकाले गौरीको जीवन अलमलमा थियो। आखिर अदालतको फैसला कुर्नुभन्दा बाँच्नु बेस सोचेर गौरीले आफ्नो पढाइ सुरु गरी' (२०८२, पृ. १६७)। उपन्यासकारले पितृसत्तात्मक प्रभुत्व भएको समाजमा नारीले न्याय पाउनु दुर्लभ भएको यथार्थ चित्रण गरी शिक्षित भएर आत्मनिर्भर बन्नुपर्ने सन्देश दिएकी छन्।

पितृसत्तात्मक समाजले नारीलाई अबला बेसहारा, खुट्टा भए जुत्ता कति कति, भोग्या र कठपुतली ठानेर दमन गर्ने गरेको अभिव्यक्ति कुन्ता शर्माले उनको 'हामी सहँदै जाऊँला' कवितामा यसरी अभिव्यञ्जत गरेकी छन्–

*पस्केको थाल हामी*
*इच्छा लागे खाऊ नलागे लत्याऊ*
*खुट्टाका जुत्ता हामी*

*इच्छा लागे लगाऊ नलागे मिल्काऊ*
*कहिले दुःशासन बनेर*
*बिच सभामा नङ्ग्याऊ*
*नाच्दै जाने कठपुतली हामी*
*डोरी तिम्रो हातमा छ*
*कहिले बाँया घुमाऊ*
*कहिले दायाँ घुमाऊ*
*जसरी मन लाग्छ प्रयोग गर*
*तिम्रो इच्छाअनुसार उपयोग गर*
*ठिक छ हामी सहँदै जाउँला*
*समयको गतिमा बहदै जाउँला*

(शर्मा, २०७४, पृ.६४)।

कवि कुन्ताले आफ्नो कवितामार्फत् नारीलाई कमजोर ठानेर मनपरी गर्न खोज्ने पुरुषहरूप्रति आक्रोश व्यक्त गर्दै प्रतिरोधी चेतना यसरी अभिव्यञ्जित गरेकी छन्–

*तर सुन ! हरेक कुराको सीमा हुन्छ*
*परमाणुले पनि संसार ध्वस्त पार्न सक्छ।*
*शान्तभन्दा शान्त स्थानमा पनि*
*भयानक विस्फोटन लुकोको हुन सक्छ।*
*आफूभन्दा कोमल सम्भन्छौ आज जसलाई तिमी*
*भोलि बज्रभन्दा कठोर हुन सक्छ*

(शर्मा, २०७४, पृ६५)।

समकालीन कविहरू प्रतिरोधी चेतनाका साथ महिला समानताको पक्षमा सशक्त रूपमा उभिएका छन् भन्ने कुरा कवि कुन्ताको अभिव्यक्तिबाट स्पष्ट हुन्छ।

पितृसत्तात्मक समाजमा धार्मिक अन्धविश्वास, कुरीति र रुढीवादले गर्दा पनि महिलाहरू उत्पीडनमा परेका छन्। रजस्वाला भएको बेला रगत बग्ने हुँदा तागतिला खानेकुरा खाएर आराम गरी बस्नुपर्नेमा पश्चिमी नेपाली समाजमा उनीहरूलाई छाउपडीमा लगेर राख्ने गरिन्छ। माछामासु दुध, दहीजस्ता खानेकुरा खाएमा देउता रिसाउँछन् भनी रुखासुखा खान दिइन्छ। छाउपडीमा सर्पले डस्ने, सुरक्षाको अभावले गर्दा बद्मासहरूबाट बलात्कृत हुनुपरेको घटना हाम्रै समाजका यथार्थ हुन्। लक्ष्मण कुँवरको 'छाउपडी' नाटकमा सुदुरपश्चिमको अछामको एउटा गाउँमा छाउपडीमा बसेकी चेलीले मकैको रोटी नुनसँग खाँदा घाँटीमा बिजाउँछ। आमा कसरी खाने हो ? भन्दा आमा भन्दछिन्–

*दशैँको प्रसाद सुकुटी मासु घरमा छ पाकेको*
*मिल्दैन दिन तोडेर थिति ईश्वरले राखेको*
*गोरस पात दिए यी देवी देवता रिसाउने गर्दछन्*
*रिसाए देवता गाई भैँसी हाम्रा अकालमै मर्दछन्*
*छोरी अकालमै मर्दछन्*

(२०६६,पृ.२ )

महिनावारी भएकी नारीलाई पुरुषले छुनसम्म पनि हुँदैन भन्ने नियम पितृसत्ताले नै बनाएको हो। तर तिनै पुरुषहरूले महिनावारी भएर छाउपडी बसेका युवतीमाथि बलात्कार गरेर बेपत्ता भएका घटनालाई नाटकमा यसरी प्रस्तुत गरिएको छ–

*सुतेकी थिएँ सङ्गिनी पनि थिएन साथमा*
*बलात्कार गरे थुनेर मुख नीलडाम छन् हातमा,*
*हजुर नीलडाम छन् हातमा*

*(पृ.१८)।*

नाटककार कुँवरले छाउपडी प्रथाको विरुद्धमा जनचेतना प्रदान गरी प्रतिरोधी चेतना यसरी अभिव्यञ्जित गरेका छन्–

*घरमा बस्छौँ आजबाट हामी गोठमा जाँदैनौँ*
*बहिस्कार गर्छौं छाउपडी खाना हामी खाँदैनौँ।*
*छाउछुतको थिति छाउपडी गोठ हामीलाई चाहिँदैन।*
*चेलीलाई गोठमा पठाउन अब कसैले पाइँदैन*

(पृ.३२)

प्रस्तुत अध्ययनबाट पितृसत्ताद्वारा निर्धारित सामाजिक मान्यता र प्रचलनकै आधारमा नेपाली समाजमा नारीहरू विभेदमा परेर उत्पीडन भोग्न बाध्य भएको देखिन्छ। लैङ्गिक समालोचनाले साहित्यमार्फत् पितृसत्तात्मक समाजले नारीमाथि गरिएका सबै प्रकारका विभेद र उत्पीडनको उजागर गरी प्रतिरोधी चेतना समेत प्रकट गरेर लैङ्गिक समविकासको पक्षमा आवाज उठाएको हुँदा साहित्य समाज र लैङ्गिकताको गहिरो अन्तर्सम्बन्ध भएको पुष्टि हुन्छ।

## *नेपाली साहित्यमा मानव शरीर, समाज र साहित्य*

पहिचान र शरीर राजनीति सांस्कृतिक अध्ययनसित सम्बन्धित छ । मिसेल फुकोले शरीलाई मांसल थुप्रो मात्र नमानेर सास्क्रृतिक अध्ययनको एउटा विषयका रूपमा प्रस्तुत गरेका छन् । यस आधारमा शरीर समाजको एउटा कार्यको परीक्षण हो भने यो एउटा सत्तासम्बन्धमा आधारित सांस्कृतिक विषय पनि हो (ढकाल, २०८२, पृ. १००) । वास्तवमा मानव शरीर सामाजिक सांस्कृतिक भूमिकाबाट निर्धारित पहिचान र सत्तासम्बन्धमा आधारित रहेको छ । यसअन्तर्गत महिला शरीर, पुरुष शरीर र तस्रो लिङ्गी, दलित, जनजाति, अपाङ्ग, आदि पर्दछन् । यस लेखमा महिला, पुरुष र तेस्रो लिङ्गी शरीरमाथिको विभेद र प्रतिरोधको अवस्था समाज र नेपाली साहित्यमा कसरी अन्तर्सम्बन्धित भएर आएको छ भनी अध्ययन गरिएको छ।

## *महिला शरीर, समाज र साहित्य*

पितृसत्ताले महिलालाई भोग्या र एउटा सजाउने वस्तुका रूपमा चिनाएको छ । पितृसत्तात्मक समाजमा पुरुष शक्तिशाली र सत्तासम्पन्न हुने हँदा महिला शरीर माथि सधै पुरुषको प्रभुत्व र नियन्त्रण रहन्छ । पत्नीलाई सधैँ सुन्दरी बनाएर आफ्नो इच्छाअनुसार भोग गर्न चाहने भोगवादी पुरुषको व्यावहारलाई 'समानान्तर आकाश' उपन्यासमा पद्मावती सिंहले प्रमुख पात्र सुस्मितामार्फत् यसरी उल्लेख गरेकी छन्– एक दिन अविनाशले मलाई सरसरती माथिदेखि तलसम्म निहार्दै भने, "तिमी हेल्थ फिटनेस सेन्टरमा जाऊ, आफ्नो शरीरलाई सुडौल बनाऊ। ब्युटीपार्लरमा गएर आफ्नो शरीर निखार । यस घरका सबै सामानहरू सुन्दर छन्, घरकी मालिक्नी पनि घर सुहाउँदो सुन्दर हुनुपर्छ (सिंह, २०७२, पृ.१८) ।" अविनाश पितृसत्तात्मक समाजको प्रतिनिधि पुरुष चरित्र हो । उपभोत्तावादी संस्कृतिको प्रभावस्वरूप उसले नारी शरीरलाई एउटा सजाएर राख्ने वस्तु र कामुकता शान्त पार्ने साधन ठानेको छ। अविनाशको कुरा सुनेर अत्यन्त पीडा महसुस गरेकी सुस्मितामार्फत् पद्मावती सिंह भन्दछिन्–

*म सधैँ सुन्दरताको प्रतिमूर्ति बनी उनको सामु सजिएर पस्किरहुँ र उनी मेरो यौवनमत्त सुन्दर शरीररूपी सागरमा डुबुल्की मारीरहून् । बस् हामीबिचको सम्बन्धको आधार यही कुरामा टिकेको थियो । दैहिक सुन्दरताप्रति उनको ध्यान कहिल्यै पुग्न सकेन, म यिनका लागि एक सजावटको वस्तुबाहेक अरु केही थिइनँ । अविनाशले मलाई पत्नीका रूपमा होइन, एउटा सुन्दर देह भएको वस्तुको रूपमा मात्र प्रेम गर्दा रहेछन् भन्ने घामजस्तै छर्लङ्ग भयो। घरको अन्य सजावटको वस्तुझैँ दिनपरदिन म एउटा सजावटका वस्तुका रूपमा रूपान्तरित हुँदै गइरहेको वास्तविकता बोधले मभित्र सजीवता निर्जीवतामा परिवर्तित हुँदै गइरहेको थियो (२०६२, पृ.१९) ।*

उपन्यासकार सिंहले महिलाहरूमा उठ्दै गएको अस्तित्व बोध र लैङ्गिक चेतनालाई सशक्त रूपमा प्रस्तुत गरेकी छिन् । पत्नीको शरीरबाट अघाएपछि अर्की सुन्दरी राखेको थाहा पाएपछि विद्रोही चेतना प्रकट गर्दै घरबाट निकालिदिएकी सन्दर्भ यस्तो छ– अब म तिमीसित एक पल पनि बस्न सक्दिन, सहनुको हद पार भइसक्यो। तिमी जतिसक्यो छिटो यस घरबाट निस्क अहिले नै निस्क यो घरमा अब तिम्रो कुनै स्थान छैन पृ. २०)। यो उपन्यासले विवाह गरेर ल्याएकी पत्नीलाई विलासको साधन ठानेर भोग गरिसकेपछि काम नलाग्ने भनी बाहिर अर्की सुन्दरी युवतीमा रमाउँन पुग्ने पतिलाई घरबाट निकालेर प्रतिरोधी चेतना प्रकट गरेकी छन् ।

पितृसत्तात्मक समाजमा नारीको प्रजनन् अधिकारमाथि समेत पुरुषको प्रभुत्व रहन्छ र छोरा पाउने लोभमा गर्भमा छोरी रहेपछि गर्भ पतन गराई भ्रूण हत्या गर्न लगाइन्छ । २००३ सालमा नै गोपालप्रसाद रिमालले 'मसान' नाटकमा सधैँ सुन्दरी बनाइराख्नका लागि पत्नीलाई थाहै नदिई गर्भ निरोधक औषधि खुवाएर मातृत्वबाट वञ्चित गराएको कुरा थाहा पाएपछि युवतीले म यो मसानजस्तो घरमा एकछिन् पनि बस्दिन भन्दै घर छाडेर हिँडेकी थिइन् भने समकालीन नारीहरू त झनै त्यति कमजोर छैनन् । उनीहरूमा आफ्नो शरीरमाथिको अधिकार अरू कसैको

नभएर आफ्नो हुनुपर्छ भन्ने लैङ्गिक चेतना छ भन्ने कुरा कथाकार प्रदीप ज्ञवालीको 'स्वप्न भङ्ग' कथामा यसरी व्यक्त गरिएको छ–

*म नारीवादी होइन, तर आज अविरामको असली अनुहार हेरेपछि मलाई पुरुष जातिप्रति नै एकखाले वितृष्णा पैदा भएको छ। पक्कै सबै त्यस्ता हुँदैनन् होला, तर अविरामले मेरो विश्वासमाथि ठुलो पहिरो हालिदिएको छ। उसको अनुहार मलाई राक्षसको जस्तो लाग्यो, जसले छोराको लोभमा एउटी छोरीलाई जन्म पनि नदिई हत्या गर्न चाहन्छ। तर म यसो कुनै हालतमा हुन दिन्न। म विस्तारै उठ्छु र आँसु पुस्छु (पृ.१८१)।*

वास्तवमा छोरो र छोरी के जन्माउने भन्ने कुरा नारी र पुरुषको इच्छामा भर पर्ने कुरा होइन। छोरी गर्भमा रहनुमा नारी र पुरुष कसैको पनि दोष हुँदैन। तर पितृसत्तात्मक विचारधाराबाट ग्रसित समाजले छोरीलाई नै दोष लगाउने र अर्काको घर जाने जात भनेर गर्भमै हत्या गरिदिने परिपाटी रहेको छ। एउटी नारीले सबै कुरा सहन सक्छे, तर आफ्नो मातृत्वमा आँच आउने काम कसैले गर्न खोज्यो भने त्यो उसका लागि सह्य हुँदैन। नारी समानता र स्वतन्त्रताको कुरा गर्ने प्राध्यापन सेवामा संलग्न बौद्धिक पतिले अर्को छोरी जन्मिने भई भनेर गर्भपतन गराएर मातृत्वको अधिकार हनन गर्न खोजेपछि रश्मिलाई आफ्नो पति मानव नभएर दानव जस्तो लाग्दछ। आफ्नो इच्छा र चाहनाहरूलाई तिलाञ्जली दिएर भए पनि जीवन साथीका इच्छा र चाहनासँग पटकपटक सम्झौता गर्दै आएकी रश्मीले यस पटक भने कुनै पनि हालतमा गर्भपतन गराउन नदिने अठोट गर्दै म यसो कुनै हालतमा हुन दिन्न भनी प्रतिरोधी चेतना व्यक्त गरेकी छ।

## पुरुष शरीर, समाज र साहित्य

अधिकांश रूपमा पुरुषको तुलनामा नारी शरीर नै दमित रहेको पाइन्छ। तर पनि सांस्कृतिक अध्ययनले नारी शरीरको मात्र नभएर पुरुष शरीरको पनि अध्ययन गर्दछ। नेपाली साहित्यमा प्रवासिएका नेपालीहरूमाथि शक्तिशाली राष्ट्रहरूले गरेका दमन, स्वदेश र विदेशमा भएका सशस्त्र विद्रोहमा पुरुष शरीरले भोग्नु परेको शारीरिक र मानसिक अभिघात, विदेशका कोइला खानी र आणविक भट्टीमा सेकिएर काम गर्नुपर्दा पुरुष शरीरले भोग्नु परेका पीडालाई गोविन्दराज भट्टराईको नयाँ मुग्लान, कृष्ण धाराबासीको तल्लोबाटो उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ। अर्चना थापाको 'कठपुतला' कथासङ्ग्रहको 'अर्न्तदाह' र 'पराकम्पन' कथामा पुरुष शरीरमाथि हुने गरेको दमन र हिंसाको चित्रण गरिएको पाइन्छ। छोरा मान्छे भएपछि घरबाट बाहिर निस्कने, बलियो हुनुपर्ने जस्ता मान्यतालाई 'अर्न्तदाह' कथामा यसरी प्रस्तुत गरिएको छ– ए जानकी तिम्ले छोरालाई त छोरीजस्तै बनाइछौ ! यो छोरौ मान्छे पो हो त ! पछि के गरी खान्छ यसले ? (थापा, २०८२, पृ. १३।) हरे यसको बोली किन यति सानो हँ केटीजस्तो बोली यस्तै ताल हो भने के गरी खान्छ यसले ? (पृ. १४)। साथीहरूले पनि शारीरिक रूपले कमजोर रहेको लुभुलाई उसको शरीरप्रति खिज्याउँदै भन्दछन्– अलि फुर्तिसँग हिँड्न साले गोडामा मेहन्दी लगाको केटीजस्तै पो हिँड्छ त यो मोरो (पृ. २३)। यसरी समाजले निर्धारण गरेको भूमिकाअनुसार गर्न सकेन भने पुरुष शरीर पनि दमित हुनुपर्ने अवस्थालाई कथामा प्रस्तुत गरेबाट समाज साहित्य र लैङ्गिकताको अन्तर्सम्बन्ध स्पष्ट हुन्छ।

## तेस्रो लिङ्गी शरीर, समाज र साहित्य

तेस्रो लिङ्गी शरीर समाजबाट सबैभन्दा उपेक्षित र दमित शरीर हो। समाजमा दमित र पहिचान विहीन अवस्थामा रहेका तेस्रो लिङ्गी शरीरको पीडाका अनुभूति र कथाव्यथाहरू नेपाली साहित्यमा प्रवेश पाउनुका साथै विमर्शको विषय समेत बनेको छ। पद्मावती सिंहको 'त्रासदी', भागिरथी श्रेष्ठको खेल, हरिश कल्पितको 'एडमको प्रेम' अर्चना थापाको 'विमर्द' अनुज पिटरको 'कस्तो केटी जस्तो मान्छे' आदि कथाहरूमा यसको प्रयोग भएको छ। त्यसैगरी मोहनराज शर्माको 'सलिजो' शोभा भट्टराईको अन्त्यहीन दुःख आदि उपन्यासमा तेस्रो लिङ्गी शरीरको निर्मिति , यौनिक अनुभूति सामाजिक , पारिवारिक उपेक्षा र दमनका बारेमा

उल्लेख गरिएको पाइन्छ । पद्मावती सिंहको त्रासदी कथामा अमेरिका बस्ने परिवारको एउटै मात्र छोरो भनेर सुयशलाई केटीको बाबुआमाले मात्र नभएर आफ्नै बाबुआमालेसमेत पटकपटक अहिले बिहे गर्दिन भन्दा पनि करकापमा पारेका र आमाले त बिहे नगरे आत्महत्यासमेत गर्ने धम्की दिएकी कारण बिहे गर्न बाध्य भएको कुरो कथामा बताइएको छ। विहे गरेको पाँच रात बितिसक्दा पनि सुयशको आफूप्रति कुनै लगाव नभएपछि अक्षराले रुदै 'बिहे गरेको यतिका दिन भइसक्दा पनि म अझै कुमारी छु किन ?' ((२०७६, पृ. ६४) भनी प्रश्न गर्दा सुयश भन्दछन्– म आइमाईप्रति आकर्षित नै हुन्न (२०७६, पृ.६४) । अक्षराले तिमी एउटा स्वस्थ पुरुष हौ, तिमी आइमाईप्रति किन आकर्षित हुँदैनौ भन्दा ऊ भन्दछ–

> *किनकि म आइमाई हुँ, तर पुरुषजस्तै भएर हिँड्न मलाई मन लाग्छ। मेरो हावभाव रुचि व्यवहार सबै पुरुषको जस्तै हुनाले मैले आफूलाई पुरुष चरित्र र व्यक्तित्वमा ढालेँ । अर्को कुरा म तिमीलाई लुकाउन चाहन्नँ। मेरो पार्टनर छ। अहिले ऊ आफ्नो घर गइराखेको छ। केही दिनमै फर्किन्छ, हामी एक अर्कासँग अलग्गिएर बस्न सक्दैनौँ(२०६६, पृ. ६८)।*

यसरी परिवारले समलिङ्गी छोराको भावना नबुझी पहिचान लुकाएर जबरजस्ती बिहे गरिदिँदा सुयश र अक्षरा दुवै समस्यामा परेका देखाएर कथाकारले तेस्रो लिङ्गीप्रतिको सामाजिक धारणा फेरिनुपर्छ भन्ने सन्देश कथामार्फत् प्रस्तुत गरेकी छन् ।

कथाकार भागिरथी श्रेष्ठको 'खेल' कथामा महिला समलिङ्गी शरीरमाथि परिवार र समाजले गरेको विभेद र पीडा उजागर गरिएको पाइन्छ। कथाकी प्रमुख पात्र भवानी नारी भएर पनि उसको विपरीत लिङ्गी पुरुषप्रति यौनाकर्षण नभएको र नारीसँगको स्पर्श र चुम्बनमा आनन्दित भएको तर समाजले यस्तो सम्बन्ध स्वीकार गर्न नसक्दा पीडा बेहोर्नुपरेको तथ्य उल्लेख गरिएको छ। त्यसैगरी अर्चना थापाको 'विमर्द' कथामा ट्रान्सजेन्डर शरीरले भोगेका पीडालाई उजागर गरिएको छ। पुरुष शरीर भए पनि निरजभित्र नारीमा हुने गुण भएकाले सानामा नारीजस्तो बन्न खोज्दा पारिवारिक हिंसा खप्नुपरेको कुरा कथामा यसरी व्यक्त गरिएको छ–

> *निरज भएर समाजमा बाँच्ने प्रयास गरे पनि आमाले मनिभत्र डिरले खुम्चिएकी निर्जला देख्नु भएको थियो । हुन त सानैदेखि लुकेर आमाको टीका, लिपिस्टिक, नेलपलिस लगाउँथे। यो बौलायो भन्दै बुबाले निलडाम बनाउनुहुन्थ्यो । एउटा छोरो त्यो पनि विमर्द (पृ.१४७)।*

त्यतिमात्र नभएर निरजका रूपमा चिनिएको परिवारको एक मात्र छोरोले म ट्रान्सवुमन हुँ भनेर पत्रिकामा अन्तर्वाता दिएपछि घरबाट निकालिदिएको सन्दर्भ यसरी प्रस्तुत गरिएको छ–

> *पाँच वर्षअघि मूलाधार पत्रिकामा म ट्रान्सवुमन हुँ भनेर अन्तर्वार्ता दिएकी थिएँ। त्यही छापिएको दिन बुबाले घिसार्दै घरनिकाला गर्नुभएको थियो। शिक्षामा समान अवसरको पैरवी गर्ने बुवाका लागि प्रकृतिको अतिक्रमण र लैङ्गिक व्यवहारको नियम उलङ्घन अतिचार थियो (थापा, २०७४, पृ. १४७)।*

यसरी नारी गुण भएको पुरुषले निरजबाट निर्जला (नारी) बन्ने निर्णय लिएपछि घरबाट निकालिनु परेको र स्वदेश र विदेशमा समेत फरक शरीर भएका कारण उसले भोग्नुपरेको सामाजिक विभेदजन्य व्यवहारलाई कथामा सूक्ष्म ढङ्गले प्रस्तुत गरिएको छ। कथाकारले निर्जलाले घर छाडेर हिडेपछि सङ्घर्ष गर्दै भए पनि विद्यावारिधि गरी विभिन्न सेमिनारहरूमा भाग लिएकी र आमा बितेर एक्लिएको बाबुलाई सहयोग गरेकी देखाएबाट परम्पराभन्दा भिन्न लिङ्गी शरीर पनि उत्तिकै सबल र सक्षम मानव हुन् भन्ने तथ्य पुष्टि भएको छ।

## *निष्कर्ष*

प्रस्तुत अध्ययनको विषय समाज, साहित्य तथा लैङ्गिकताको अन्तर्सम्बन्ध शीर्षकको विश्लेषणमा केन्द्रित रहेको छ। लैङ्गिकता आधुनिक युगबाट विकसित भएको नवीन समालोचना पद्धति हो । सामान्यतः लिङ्ग र लैङ्गिकता

शब्दको अर्थ समान जस्तो देखिन्छ, तर लिङ्गले पुरुष र महिलाको जैविक भिन्नतालाई छुट्याउँछ भने लैङ्गिकताले समाजले निर्धारण गरेका भूमिकालाई जनाउँदछ । यही भूमिकाका आधारमा समाजमा गरिने लैङ्गिक विभेद, शरीरको निर्मिति, पहिचान र यौनिकतासम्बन्धी उत्पीडनका सवालहरू लैङ्गिक समालोचनाले साहित्यिक कृतिमार्फत् उजागर गर्दै प्रतिरोधी चेतना प्रकट गर्ने हुँदा समाज साहित्य र लैङ्गिकताबिच गहन अन्तर्सम्बन्ध रहेको पुष्टि हुन्छ। प्रस्तुत अध्ययनले नेपाली साहित्यमा पितृसत्ताद्वारा नारीमाथि गरिने लैङ्गिक विभेद तथा उत्पीडनको चित्रण र प्रतिरोधी चेतना कसरी प्रकट भएको छ भनी खोजी गरिएको छ। छोरालाई पितृ तार्ने र वंश धान्ने कुलदीपका रूपमा हेरी छोरी मात्र पाई भनेर श्रीमान्ले सौता हाली कुटपिट गरेर घरबाट निकालेपछि लासमा परिणत भएकी धनमायाका पीडालाई रोशन सुवेदीको ‘लाशहरू उठेपछि’ नाटकमा संवेदनात्मक रूपमा प्रस्तुत गरिएको छ। छोरीछोरी पाउनु नारीको दोष नभएर पितृसतात्मक लैङ्गिक भूमिकाले गर्दा नारीहरू शोषणमा परेको निष्कर्ष रहेको छ। पितृसत्ताले नारीलाई भोग्या ठानेर बलात्कार गर्नु, दुर्घटनामा परेर छोराको मृत्यु हुँदा बुहारीलाई छोरा टोकुवी, अपशकुनी भनेर उसमाथि अत्याचार गर्नु नारीलाई अबला बेसहरा, कठपुतली र सजावट गर्ने वस्तु ठानेर महिला शरीर र उनीहरूको अवस्थालाई पुरुषको अधीन बनाउने काम पितृसत्ताद्वारा निर्मित समाजबाटै भएको र यसका विरुद्ध लड्नुपर्छ भन्ने प्रतिरोधी चेतना नेपाली साहित्यका कथा, कविता, नाटक र उपन्यासजस्ता विभिन्न विधामा प्रस्तुत गरेर समाज रूपान्तरणमा सहयोग पुऱ्याएको हुनाले समाज साहित्य र लैङ्गिकताबिच गहिरो अन्तर्सम्बन्ध रहेको पुष्टि हुन्छ। परिवार र समाजबाट दमित र उपेक्षित परम्पराभन्दा भिन्न शरीर भएका तेस्रो लिङ्गी शरीरका समस्या रुचि र यौनिक चाहना र पहिचानलाई साहित्यमा उजागर गरी उनीहरू पनि सबल र सक्षम मानव हुन् भनी लैङ्गिक चेतना प्रस्तुत गरिएको हुँदा समाज, साहित्य र लैङ्गिकताबिच गहिरो अन्तर्सम्बन्ध रहेको निष्कर्ष प्राप्त भएको छ।

## *सन्दर्भ सामग्रीसूची*


अर्याल,अम्बिका (२०७०). *नारीवादी सिद्धान्त र औपन्यासिक विश्लेषण.* (दो.सं.). काठमाडौँ : जीवन श्रेष्ठ।

कुँवर लक्ष्मण (२०६६). *छाउपडी.* घनगढी : खप्तड विकास मञ्च नेपाल।

घर्ती, दुर्गाबहादुर (२०८१). *सास्कृतिक अध्ययन.* काठमाडौँ : इन्डिगो इन्क प्रा. लि .।

जङ्गल, ज्योती (२०७४). ‘बादशाहको चुम्बन’. *समकालीन प्रतिनिधि नेपाली नारी कविता.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

ज्ञवाली, प्रदीप (२०७४). ‘स्वप्नभङ्ग’. *समसामयिक प्रगतिवादी नेपाली कथा.* काठमाडौँ : नेपाल प्रज्ञा– प्रतिष्ठान।

ढकाल,रजनी (२०८१). *लैङ्गिकता र नेपाली साहित्य.* काठमाडौँ : भुँडीपुराण प्रकाशन।

थापा, अर्चना (२०७४). *कठपुतला.* काठमाडौँ : अक्षर क्रिएसन्स।

थापा, अर्चना (२०८२). *अग्निगर्भा.* काठमाडौँ : अक्षर क्रिएसन्स।

पाण्डेय, ताराकान्त (२०७८). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन।

पौड्याल, शालिकराम (२०७८). ‘छाउपडी उपन्यासमा लैङ्गिकता’ *प्रज्ञा.* (अङ्क १ पूर्णाङ्क १२३). काठमाडौँ : नेपाल प्रज्ञा– प्रतिष्ठान।

बराल, ऋषि (२०७७). *मार्क्सवाद र सबाल्टर्न अध्ययन.* ललितपुर : साझा प्रकाशन।

भट्टराई, रमेशप्रसाद (२०६८). ‘लैङ्गिक समालोचना’. सम्पा.सुवेदी राजेन्द्र र गौतम लक्ष्मणप्रसाद). *बृहत समालोचना सैद्धान्तिक खण्ड.* काठमाण्डौँ : रत्न पुस्तक भण्डार ।

शर्मा,कुन्ता (२०७४). ‘हामी सहँदै जाउँला’. *समकालीन प्रतिनिधि नेपाली नारी कविता.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

श्रेष्ठ, भागिरथी (२०६६). *रातो गुलाफ.* काठमाडौँ : रत्न पुस्तक भण्डार।

सिंह, पद्मावती (२०७६). ‘त्रासद विपना’. *पद्मावती सिंहका प्रतिनिधि कथाहरू.* काठमाडौँ : रत्नपुस्तक भण्डार।

सिंह, पद्मावती (२०६२). *समानान्तर आकाश.* ललितपुर : साझा प्रकाशन।

त्रिपाठी, सुधा (२०७१). ‘नारीवादका सन्दर्भमा आमूल नारीवाद’. (सम्पा. सुवेदी,राजेन्द्र) *सैद्धान्तिक समालोचना.* काठमाण्डौँ : जुगल पब्लिकेसन प्रा. लि.।

Faucault, M. (1989).The Faucault Reader. Paul Rabino Ed).Newyork: Pantheon Books.

Hall, Stuart (1997). *Representation Cultural and Representation and Signified Practises.* London: Poujend.

Habib M. A. R.(2005). A History Of Literrary Criticism From PlatoTo The Present,U.S.A M Blackwell Publising.

Irigary, l.(1977).This sex Which Is No One. (Trans.Catherin Porter.With Carlon Burke). Newyork : Cornell University press.

Wollstonecraft,Mary (2012). A Vindication of theRights of Woman. Newyork : W.W. Norton Co.

Williams, p (20080). Ideology and Narrative.Narrative.Theory. London and Newyork :Routledge.